# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७२**
**(मिति: २०७९/०२/०६)**

विषय:-

१. नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिको प्रतिवेदन सम्बन्धमा।
२. परराष्ट्र नीति अध्ययन उपसमितिको म्याद थप सम्बन्धमा ।
३. विविध ।

छलफल तथा निर्णय:-

समितिको आजको बैठकमा नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिको प्रतिवेदन, परराष्ट्र नीति अध्ययन उपसमितिको म्याद थप एवं विविध विषयका सम्बन्धमा छलफल भई देहाय बमोजिमका निर्णयहरु भए:

१. यस समिति अन्तर्गत गठित नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिका संयोजकले आजको समिति बैठकमा पेश गर्नुभएको उपसमितिको अध्ययन प्रतिवेदन समितिका सम्पूर्ण माननीय सदस्यहरुले अध्ययन गरी आगामी बैठकमा आवश्यक सुझाव दिने,
२. समितिको मिति २०७८/०९/१६ को बैठक मार्फत समितिका सदस्य मा. दीपक प्रकाश भट्टको संयोजकत्वमा गठित ५ (पाँच) सदस्यीय परराष्ट्र नीति अध्ययन उपसमितिको म्याद ३ महिना रहेकोमा उपसमितिको अध्ययन कार्य सम्पन्न भइ नसकेकोले उपसमितिको माग बमोजिम उपसमितिको म्याद यही २०७९ असार मसान्तसम्म कायम गर्ने।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।